नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(पर्यटन प्रवर्द्धन शाखा)

पत्र सँख्या : २०७७/७८ चलानी नं: १३५

सिंहदरबार, काठमाण्डौ

मिति : २०७७/०७/२१

विषय : जानकारी तथा आवश्यक कार्यार्थ ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं १, विराटनगर ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं २, जनकपुर ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
वागमती प्रदेश, हेटौंडा ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
लुम्बिनी प्रदेश, बुटवल ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**विषय : पर्यटन गाउँ छनौट सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रत्येक प्रदेशमा एक पर्यटकीय गाउँ विकास गर्ने प्रयोजनका लागि निम्नलिखित अवधारणा तथा छनौटका आधारहरूको अधीनमा रही कुनै एक गाउँलाई "पर्यटन गाउँ" छनौट गरी उक्त गाउँले समेट्ने स्थानीय तह, वडाहरू र स्थानको विवरण, उक्त गाउँको पर्यटकीय, महत्व, विशेषता र गरिमा, पर्यटकीय सम्भावनाको विवरण, गुरूयोजना, डिपिआर वा डिजाइन यस्तै केही कार्य भएको भए सो को विवरण, पर्यटन गाउँ छनौट गरिएको निर्णयको प्रतिलिपी, उक्त क्षेत्रमा पर्यटन गाउँको रूपमा विकास तथा सञ्चालन भएपछि हुन सक्ने फाइदाहरू र तहाँबाट आवश्यक देखिएका विवरण, प्रमाण र कागजात संलग्न गरी यस मन्त्रालयमा २०७७ पौष १५ गते भित्र पठाउनुहुन नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७७/७/२० को निर्णयानुसार अनुरोध छ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(पर्यटन प्रवर्द्धन शाखा)

पत्र सँख्या : २०७७/७८ चलानी नं:

सिंहदरबार, काठमाण्डौ

पर्यटन गाउँ छनौट सम्बन्धी अवधारणा

यस मन्त्रालयको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ब.उ.शि.नं. ३२१०००११ मा प्रत्येक प्रदेशमा एक एक पर्यटकीय गाउँ घोषणा गरी अनुदान उपलब्ध गराउने खर्च शीर्षक नं. २२५२२ अन्तर्गत रू. ३ करोड ५० लाख बजेटको विनियोजन भएको छ ।नेपालको ग्रामीण क्षेत्रमा पर्यटकीय क्रियाकलापको रूपमा ट्रेकिङ्ग, जंगलसफारी, साहसिक पर्यटन, जंगली जनावर तथा चराचुरुङ्गी अवलोकन, प्राकृतिक रमणीय दृश्यावलोकन, स्थानीय संस्कृतिको अवलोकन, कृषि तथा घरेलु उद्यम, स्थानीय खानपान, ग्रामीण जीवनशैली, संस्कृति, भाषा, भेषभूषा, सीप र परम्परा जस्ता उद्यम तथा सांस्कृतिक विविधतायुक्त स्थानलाई नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने र यसको लाभ स्थानीय तहसम्म पुऱ्याउन नमूना "पर्यटन गाउँ" छनौट गरी यस मन्त्रालयबाट गुरू-योजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरी सो अनुरूप साझेदारीमा पर्यटन गाउँको विकास तथा संचालन गर्नका लागि यस मन्त्रालयबाट सम्बन्धित स्थानीय तहमा अनुदान रकम उपलव्ध गराइने व्यवस्था रहेको छ ।

उक्त प्रयोजनका लागि सम्बन्धित प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पर्यटन गाउँ छनौट गरी सिफारिससाथ यस मन्त्रालयमा पठाएमा यस मन्त्रालय र पर्यटन विभागले उक्त क्षेत्रका सरोकारवालाहरुको सक्रिय सहभागितामा गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) तयार गर्नेछ । तदअनुरूप यस मन्त्रालय, सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहको संयुक्त साझेदारीमा उक्त पर्यटन गाउँ संचालन तथा व्यवस्थापन गरिनेछ भने पर्यटन गाँउको वजारीकरण नेपाल पर्यटन वोर्डले गर्नेछ ।

पर्यटन गाउँ छनौट गर्नका लागि अद्वितीय पर्यटकीय आकर्षण, स्थानीय सामाजिक र सांस्कृतिक जीवन, मनोरञ्जनात्मक स्थल, साहसिक गतिविधि जस्ता पर्यटकलाई आकर्षण गर्ने वा भ्रमण गर्न अभिप्रेरित गर्ने विशेषतायुक्त वस्तुहरुलाई पर्यटकीय मुलवस्तु (Core Product), विशिष्ट किसिमका आवास, ग्यालरी, लज (होमस्टे,इकोलज), उपहार, पकवान र पाकशाला, परम्परागत यातायात जस्ता यात्रा अनुभवलाई बढी रमाइलो पार्न मद्दत गर्ने सहयोगी वस्तु (Supporting Product) र पर्यटन सूचना केन्द्र, संकेत चिह्न, पर्यटक पथ, पर्यटक गाइड जस्ता पर्यटकीय कृयाकलाप गर्न सुविधा पुऱ्याउने पूरक वस्तु (Supplementary Product) जस्ता अवयवहरुलाई आधारको रूपमा लिन सकिनेछ ।पर्यटन गाउँ छनौट गर्दा संलग्न अनुसूचीमा उल्लिखित आधारहरुमा आधारित रही गरिनेछ ।यसरी प्रदेशबाट छनौट भई कार्यान्वयनमा जाने पर्यटन गाउँ विकास परियोजनामा तहगत सरकार र निजी क्षेत्रसँग लगानी साझेदारीको प्रारूप आपसी समझदारी र समन्वयमा तय गरिनेछ । पर्यटन गाउँ संचालनको प्रारूप प्रदेश सरकारले तय गरे बमोजिम हुनेछ ।


फोन : ४२११५९६ फ्याक्स: ४२११७५८ इमेल: info@tourism.gov.np वेवसाइट: www.tourism.gov.np सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(पर्यटन प्रवर्द्धन शाखा)

पत्र सँख्या : २०७७/७८ चलानी नं:

सिंहदरबार, काठमाण्डौ

पर्यटन गाउँ छनोटको लागि लिन सकिने आधारहरु

१ हिमाली दृष्य वा तराई तथा उपत्यकाको लागि राष्ट्रिय निकुञ्ज, नदी जंगल, ताल तलैया, भ्याली, गल्छीको भूपरिदृष्य स्पष्ट देखिने

२ पदयात्रा, हाइकिङको सञ्चालन भएको/संभावना रहेको वा तराई तथा उपत्यकाको लागि जङ्गल सफारी, बोटिङ् सञ्चालन भएको वा गर्न सकिने

३ पर्वतारोहण गर्न सकिने हिमालको प्रवेश विन्दु वा मार्ग वा तराई तथा उपत्यकाकाको लागि राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र, नदी जंगल, ताल तलैया, भ्याली, गल्छीको प्रवेश विन्दुको गाउँ

४ चरा अवलोकन, फिसिङ्, जंगली जनावर अवलोकन, चिडियाखाना वा विशिष्ट प्राकृतिक सम्पदा दृश्यावलोकन गर्न सकिने

५ हिलस्टेसन वा शितल अवास रहेको वा सञ्चालन संभावना रहेको

६ ताल, तलैया, झरना, नदी, खोलानाला रहेको

७ कृषि पर्यटन (प्रचुर मात्रामा कुनै विशेष पैदावारको उत्पादन भै) कृषि पर्यटनको सम्भावना रहेको कृषि पकेट क्षेत्र, फार्मिङ्, वागवानी, चियावगान, नर्सरी, सहकारी खेतीको अवस्था

८ हावापानी (अति गर्मी वा अति जाडो नहुने) अवस्था

९ पुरातात्विक/ऐतिहासिक नगर, विशिष्ट वस्ती

१० ऐतिहासिक/पुरातात्विक स्थल, पुरातात्विक मन्दिर, गुम्वा, चैत्य, मस्जिद

११ नयाँ मन्दिर, गुम्बा, चैत्य, मस्जिद

१२ प्रसिद्ध धार्मिकक्षेत्र/तीर्थस्थल

१३ वास्तुकला, काष्ठकला, धातुकला, पस्तरकला, चित्रकला जस्ता विशिष्ट कलाकृतिको प्रचुरता रहेको

१४ संग्राहलय/जातीय संग्राहलय, विभुति/ऐतिहास व्यक्तिको जन्म/मृत्यु स्थल

१५ जातीय विशिष्टता धर्म, संस्कृति, परंपरा, भाषा, भेषभुषा, रहनसहन

१६ विशिष्ट चाडपर्व, जात्रा, परम्परागत महोत्सव, विशिष्ट गीत, संङ्गीत नृत्यकला, मौलिकबाजा

१७ विशिष्ट धार्मिक रीतिरिवाज, विशिष्ट सामाजिक संस्कार (विवाह, मृत्युआदि), विशिष्ट पारीवारिक प्रणाली

१८ लामो दूरीको ट्रेकिङ्/ हाइकिङ् पदमार्ग (सर्किट)मा अवस्थिति (तराई र उपत्यकामा जंगल सफारीको निकटमा रहेको)

१९ साहासिक खेल (प्यारागलाइडिङ्, बञ्जिजम्पिङ्, रयाफ्टिङ्, रकक्लाइम्बिङ्, जीपलाइनर आदि)को स्थिति वा सम्भावना

२० पर्यटकलाई मौलिक र विशिष्ट उपहारको रूपमा प्रदान गर्न सकिने वस्तुको उत्पादनको अवस्था

२१ ठूला आयोजना अवलोकन (विद्युत, सिचाई, खानेपानी, सडक, पूल, एयरपोर्ट, टनेल, केबुलकार, रेलमार्ग, खेलस्टेडियम आदि)



फोन : ४२११५९६ फ्याक्स: ४२११७५८ इमेल: info@tourism.gov.np

२२ होमस्टे सुविधा

२३ सिर्जनशील कार्यको अवस्था एवं त्यसको पर्यटकीय उपयोगको अवस्था

२४ पर्यटकीय वस्तु विकास/प्रवर्द्धन तथा बजारीकरणको संभावना

२५ सडक पहूँच

२७ हवाईसेवा, चालू हालतको एयरपोर्ट

२९ होटल, लज

३१ सञ्चार (इन्टरनेट समेत)

३३ अस्पताल र एम्वुलेन्स सेवा

३५ बैङ्क

३७ सुरक्षा सेवा (नेपालप्रहरी, सामुदायिक प्रहरी)

३९ पिउने पानीको पर्याप्त उपलव्धता

४० स्थानीय गाउँको पर्यटकीय विशेष मौलिक पहिचान रहेको कुनै कुरा (उल्लेख गर्ने)

४१ समग्र पूर्वाधार विकासको संभावना

४२ सरसफाई तथा फोहोरव्यवस्थापन

४३ साक्षरता र शैक्षिक संस्था

४५ पर्यटन गाउँ सञ्चालनमा समुदायको तत्परता र प्रतिवद्धता/ स्थानीय सरकारको पर्यटन विकासमा प्राथमिकता

४६ पर्यटकीय गाउँको विकासमा स्थानीय युवा(क्लव/समूह)को अग्रसरता/तत्परता

४८ लाभान्वित जनसंख्या

रचना प्रधान
शाखा अधिकृत